नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग
बवरमहल, काठमाडौं

*सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व. २०७६/७७ को पहिलो ३ महिनाको (श्रावन दे**खि असोज मसान्त सम्म**) सार्वजनिक गरिएको विवरण*

## १. विभागको स्वरुप र प्रकृतिः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ द्धारा प्रदत्त व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितताको लागि एवं वातावरण संरक्षण ऐन, नियमावली, निर्देशिका एवं मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्न समेत मन्त्रालय अन्तर्गत कार्यान्वयनस्तरमा एक सशक्त निकायको आवश्यकता रहेको कुरालाई आत्मसात गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९/०४/१२ को निर्णयानुसार वातावरण विभागको स्थापना भएको हो । औपचारिक रुपमा मिति २०६९/१२/०१ बाट काभ्रेपलान्चोक जिल्लाको पनौतिस्थित सूचना प्रविधि पार्कबाट कार्य प्रारम्भ गरेको विभागले मिति २०७०/०७/११ बाट कुपण्डोल, ललितपुरबाट कार्य गर्दै आएकोमा मिति २०७५ साल फाल्गुनबाट बवरमहल, वन परिसरभित्र रहेको छ ।

## २. विभागको काम, कर्तव्य र अधिकारः

विभागको स्वीकृत सांगठनिक संरचना अनुरुप कार्य विवरण देहाय बमोजिमको रहेको छः

- मन्त्रालयबाट सम्पादन हुने नीति तथा कानूनको तर्जुमा गर्दा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने।
- नीति, कानून तथा मापदण्डहरुको कार्यान्वयनको लागि योजना एवं कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्यांकन कार्य गर्ने ।
- कानूनद्वारा निर्दिष्ट अधिकारको कार्यान्वयन लगायत कानून उलङ्घन गर्नेलाई दण्ड एवं जरिवाना गराउन पहल कदम चाल्ने ।
- वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनहरुको कार्यान्वयन सम्वन्धमा अनुगमन तथा मूल्यांकन एवं परीक्षण (auditing) सम्वन्धी कार्य गर्ने ।
- वातावरणीय गुणस्तर पालना सम्वन्धी अनुगमन ।
- वातावरणीय सचेतता एवं जनचेतना अभिवृद्धि कार्यक्रम कार्यान्वयन ।
- वातावरणीय तथ्यांक एवं सूचना प्रणालीको विकास एवं सूचना सामग्रीको वितरण ।
- जलवायु परिवर्तन अनुकुलन, प्रभाव न्युनिकरण, प्रविधि विकास, क्षमता अभिबृद्धि तथा प्रविधि हस्तान्तरण जस्ता मुख्य कार्यहरु ।

## ३. विभागमा रहने कर्मचारी संख्या र कार्यविवरणः

### विभागको वर्तमान दरवन्दी तेरिज

| | |
|---|---|
| महानिर्देशक | १ |
| उपमहानिर्देशक | १ |
| निर्देशक (प्र.-१ प्रा.-४) | ५ |
| शाखा अधिकृत | १ |
| कानून अधिकृत | १ |
| लेखा अधिकृत | १ |
| रा.प.तृ. प्राविधिक | १२ |
| कम्प्युटर अधिकृत, रा.प.तृतीय | १ |
| वातावरण निरीक्षक | १६ |
| नायब सुब्बा | ४ |
| ल्याब टेक्निसियन | १ |
| लेखापाल | १ |
| पुस्तकालय सहायक | १ |
| कम्प्युटर अपरेटर | ३ |
| **जम्मा :** | ४९ |

**सेवा करारबाट**

ह.स.चा.- ३ का.स.- ४

# अनुसूची १

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

## वातावरण विभाग

## सांगठनिक ढाँचा

**महानिर्देशक**
रा.प.प्रथम (प्राशासन) -१

**उपमहानिर्देशक**
रा.प.प्रथम, (इन्जि,केमिष्ट्री) -१

**प्रशासन तथा योजना शाखा**

- उपसचिव, रा.प.द्वि., प्र.,(प्रशासन सा.प्र.)१
- शाखा अधिकत रा.प.तृ.,(प्रशासन.सा.प्र.)१
- कानून अधिकृत रा.प.तृतीय,(न्याय, कानून) १
- कृषि अर्थविज्ञ, रा.प.तृ (कृषि, एगृ, इको, एण्ड मार्के) १
- कम्प्युटर अधिकृत रा.प.तृ.प्रा, (विविध) १
- वातावरण निरीक्षक रा.प.तृतीय, (विविध) १
- ना.सु. रा.प.अनं प्र.,(प्रशासन,सा. प्र.) ४
- कम्प्युटर अपरेटर (रा.प.अनं. प्र. विविध) ३
- पुस्तकालय सहायक रा.प.अनं.प्र.(शिक्षा, पुस्तकालय विज्ञान) १
- ह.स.चा. श्रेणीविहिन ३
- का.स. श्रेणीविहिन ४

**वातावरणीय अनुगमन तथा परीक्षण शाखा**

- वैज्ञानिक अधिकृत, रा.प.द्वि. (वन, बोटानी) १
- वातावरण निरीक्षक रा.प.तृ, (विविध) ६
- इन्जिनियर, रा.प.तृ. (ईन्जि. हाइड्रोपावर) १
- इन्जिनियर, रा.प.तृ. (ईन्जि, सिभिल) १
- जियोलोजिष्ट रा.प.तृ. (ईन्जि. जियोलोजी) १

**आर्थिक प्रशासन शाखा**

- लेखा अधिकृत रा.प.तृ.(प्र.ले.) १
- लेखापाल रा.प.अनं.प्र.(ले.) १

**प्रदुषण नियन्त्रण तथा नियमन शाखा**

- सि.डि.के.रा.प.द्वि. (इन्जि, केमिष्ट्री) १
- वातावरण निरीक्षक रा.प.तृ. (विविध) ५
- केमिष्ट, रा.प.तृ.इन्जि., (केमिष्ट्री) १
- मेकानिकल.ईन्जिनियर रा.प.तृ.(इन्जि. ज.मे.) १
- इन्जिनियर, रा.प.तृ. (इन्जि. सिभिल) १

**वातावरणीय अध्ययन तथा तथ्याङ्क शाखा**

- बरिष्ठ कृषि अर्थ विज्ञ रा.प.द्वि., (कृषि, एगृ इको.एण्ड. मार्के) १
- वातावरण निरीक्षक रा.प.तृ. (विविध) ४
- केमिष्ट, रा.प.तृ. (इन्जि, केमिष्ट्री) १
- इन्जिनियर, रा.प.तृ. (ईन्जि. सिभिल) १

**वातावरणीय प्रयोगशाला शाखा**

- सि.डि.के.रा.प.द्वि., (इन्जि. केमिष्ट्री) १
- केमिष्ट, रा.प.तृ., (इन्जि, केमिष्ट्री) ३
- ल्याबटे.रा.प.अनं.प्रथम, (ईन्जि.केमिष्ट्री) १

## विभाग अन्तर्गत रहेका शाखाहरुको कार्यविवरण निम्नानुसार रहेको छः

**(क) प्रशासन तथा योजना शाखाः**

- विभागका कर्मचारीहरुको अभिलेख अध्यावधिक गर्ने सम्बन्धी कार्य गर्ने ,
- कर्मचारी दरवन्दी श्रृजना गर्नकोलागि आवश्यक प्रारम्भिक कार्य पुरा गरी महानिर्देशक समक्ष पेस गर्ने,
- कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाहीका निमित्त पेश गर्ने,
- तालिम तथा छात्रवृत्तिमा मनोनयन सम्बन्धी कार्य गर्ने,
- कर्मचारीको हाजिरी विदा सम्बन्धी कार्य गर्ने,
- विभागको भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत तथा संरक्षणको व्यवस्था मिलाउने,
- आर्थिक प्रशासन एवं जिन्सी व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने,
- विभागको योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरु गर्ने, स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ,
- विभाग र अन्तर्गतका निकायबाट भए गरेका योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने,
- विभागबाट संचालन गरिने आयोजनाहरुको प्रस्ताव तयार गर्ने,
- मातहतका कर्मचारीको कामको सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार सल्लाह, सुझाव एवं निर्देशन दिने ।

**(ख) वातावरणीय अनुगमन तथा परीक्षण शाखाः**

- वातावरणीय प्रभाव मूल्याङ्कन तथा यस सम्बन्धी प्रतिवेदनको प्राविधिक पक्षमा अध्ययन एवं राय सुझाव दिने ।
- स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरुको कार्यान्वयन स्थीति सम्बन्धी अनुगमन गर्ने, सम्बन्धित निकायलाई अनुगमन गर्न प्रोत्साहित गर्ने र त्यस्ता प्रतिवेदन सार्वजनिक गर्ने ।
- वातावरणीय परिक्षण गर्ने गराउने तथा त्यस्ता प्रतिवेदन सार्वजनिक गर्ने ।
- वातावरणीय परिक्षण एवं अनुगमन कार्यलाई सरलीकृत गर्दै लग्न आवश्यक निर्देशिका दिग्दर्शन एवं ढाँचा तयार एवं अध्यावधिक गरी प्रकाशन गर्ने ।

- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन अनुसन्धान कार्य गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिका, दिग्दर्शन एवं मापदण्डहरुको विकास एवं अध्यावधिक गरी कार्यान्वयन गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन गर्ने संघ संस्थाहरुलाई जिम्मेवार बनाउनका लागि यस्ता संस्थाहरुलाई अनुमतिपत्र जारी गर्ने कार्य गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्रचारप्रसार, जनचेतना अभिबृद्धि एवं जनशक्ति विकास कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- प्राकृतिक श्रोतमा पर्ने प्रभावहरुको यथेष्ट मूल्याङ्कन गर्ने गराउने एवं सो सम्बन्धमा प्राविधिक राय उपलव्ध गराउने ।
- प्राकृतिक सम्पदा एवं जैविक विविधता सम्बन्धी आवश्यक कार्य गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन, अनुगमन तथा परिक्षण सम्बन्धमा अन्य कार्यहरु गर्ने गराउने ।
- वातावरणीय निरिक्षकहरु मार्फत वा अन्य कार्यालयहरुमा रहेका वातावरण संरक्षण सम्बन्धी प्राविधिकहरुलाई अनुगमन कार्यमा परिचालन गर्ने ।

**(ग) वातावरणीय अध्ययन तथा तथ्यांक शाखाः**

- जलवायु परिवर्तन सम्बन्धी जोखिम न्यूनीकरणका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गर्ने, गराउने ।
- जलवायु परिवर्तन भू–क्षयीकरण, मरुभूमिकरण तथा जैविक विविधताबाट हुने ह्रासका कारण वातावरणमा पर्ने नकारात्मक असर÷प्रभावहरु पहिचान गरी अनुकुलन तथा न्यूनिकरण गर्ने कार्यक्रमहरु तर्जुमा गर्ने गराउने तथा यस सम्बन्धमा अन्य सरोकारवालाहरु समेतको समन्वयमा कार्यक्रमहरु संचालन गर्ने ।
- हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्ने एवं अनुकूलन सम्बन्धी आवश्यक प्रविधिको विकास तथा हस्तान्तरण एवं प्राविधिक तथा आर्थिक सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यहरु गर्ने ।
- जलवायु परिवर्तनबाट हुन सक्ने प्रभावको न्यूनीकरण एवं अनुकूलन सम्बन्धी कार्यहरुको पालना एवं प्रभावकारिता सम्बन्धी अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकयतानुसार बार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने ।

- स्वच्छ विकास संयन्त्र सम्बन्धी प्रस्तावहरुको कार्यान्वयनसंग सम्बन्धित अनुगमन एवं मूल्याङ्कन गर्ने ।
- स्वच्छ विकास सम्बन्धी प्रस्तावहरुको कार्यान्वयनबाट गरिवी निवारण लगायत दिगो विकासको लक्ष्य हाँसिल गर्न सहयोग पुगे नपुगेको वारेमा स्थिति प्रतिवेदन तयार गरी प्रकाशन गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी महासन्धि एवं यस अन्तर्गतका प्रोटोकलमा उल्लिखित प्रावधानहरु एवं पक्ष राष्ट्रहरुको सम्मेलनबाट पारित निर्णयहरुका कार्यान्वयनको लागि तोकिएका अन्य कार्यहरु गर्ने ।
- प्रकोप न्यूनिकरण सम्बन्धी नीति तथा रणनीति तयार गर्ने ।
- National Adaptation Program of Action मा उल्लेख भएका अनुकुलन तथा न्यूनीकरणका **कार्यक्रमहरु संचालन गर्ने कार्य सम्बन्धी कार्य गर्ने ।**
- प्राकृतिक तथा मानव सृजित प्रकोपहरुबाट हुने जोखिमबाट बच्न गर्न सकिने उपायहरुवारे जन चेतना अभिवृद्धि गर्ने कार्यक्रम तर्जुमा गर्ने ।

**(घ) वातावरणीय प्रदूषण नियन्त्रण तथा अनुगमन शाखाः**

- वातावरण व्यवस्थापनको कार्यसम्पादनमा आवश्यक पर्ने औद्योगिक निष्काशनका नमूना सङ्कलन परीक्षण सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।
- वातावरणीय मापदण्ड विकासका लागि अन्य मुलुकहरुमा अवलम्बन भइसकेका मापदण्डहरुलाई देशभित्र लागू गर्नका लागि प्रारम्भिक अनुसन्धान गर्न सहयोग पुऱ्याउने ।
- वातावरणीय मापदण्ड पालना गराउने कार्यमा वातावरणीय निरिक्षकहरुलाई परिचालन गर्ने, गराउने सम्बन्धी आवश्यक कार्य गर्ने ।
- वातावरण निरीक्षकहरु मार्फत स्थानीय निकायहरुमा रहेका वातावरण संरक्षण प्राविधिकहरुलाई मापदण्ड अनुगमन तथा प्रदूषण नियन्त्रण कार्यमा परिचालन गर्ने योजना बनाउने तथा परिचालन गर्ने ।
- स्थानीय निकायहरुका वातावरण संरक्षण प्राविधिकहरुलाई आवश्यक तालिमको योजना तयार गरी तालिम संचालन गर्न गराउन आवश्यक सहयोग पुऱ्याउने ।

- वार्षिक मापदण्ड पालना सम्बन्धी तथ्याङ्कहरु संकलन गरी रेकर्ड राख्ने व्यवस्था मिलाउन सहयोग पुयाउने ।
- सम्बन्धित उद्योगहरुको संलग्नतामा मापदण्ड पालनाका लागि शर्त तोक्ने तथा पालना सम्बन्धी समयावधि निर्धारण गर्न सहयोग पु¥याउने तथा स्वीकृतिका लागि पेश गर्ने ।
- उद्योगहरुलाई सोझै वा स्थानीय निकायहरु मार्फत प्रदूषण नियन्त्रण प्रमाणपत्र जारी गर्ने गराउने कार्यमा सहयोग पु¥याउने ।
- प्रदूषण नियन्त्रणका प्रविधि सम्बन्धी सूचनाहरु संकलन गरी उद्योगहरुलाई सूचनाहरु उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने ।

**ङ) प्रयोगशाला शाखाः**

- उद्योगहरुबाट हुन Air Emission निष्काशनको नाप जाँच गर्ने ।
- देशभरिका प्रमुख नदि प्रणालीको प्रदूषणको अवस्था जाँच गर्ने ।
- उद्योगहरुबाट निस्कने फोहोरपानी (Effluent) को परिक्षण गर्ने ।
- उद्योगहरुबाट निस्केको हानिकारक फोहोरजन्य पदार्थहरुको परिक्षण गर्ने र पहिचान (Characterization) गर्ने ।
- प्रयोगशालाहरुमा हुने विभिन्न प्रकारको उपकरणहरु संचालन एवं मर्मत सम्भार गर्ने ।
- प्रयोगशालाहरुमा गुणस्तर व्यवस्थापन प्रणाली लागू गर्ने, कार्यान्वयन गर्ने ।
- विभिन्न प्रयोगशालाहरुका उपकरण एवं संयन्त्रहरुको क्यालिब्रेशन गर्ने गराउने ।
- प्रयोगशालाहरुमा हुने Proficiency Testing Program मा भाग लिने ।
- Soil, Water, Plant, Sediment, Air आदि परिक्षण एवं विश्लेषण अनुसन्धान गर्ने ।
- अन्य वातावरणीय प्रयोगशालाहरुको मापदण्ड निर्धारण गरी अनुगमन गर्ने ।

## ४. विभागबाट प्रदान गरिने सेवा

## ५. सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी

विभागबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिको लागि नागरिक बडापत्रको व्यवस्था देहाय बमोजिम गरिएको छः

| क्र. सं | कामको विवरण | आवश्यक कागजात | काम गर्ने अवधि | सम्पर्क अधिकारी | दस्तुर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | वातावरणीय प्रदुषण सम्बन्धमा प्राप्त सूचना र परेका उजुरीहरुको आधारमा अनुगमन गर्ने र सोसम्बन्धी सूचना प्रवाह गर्ने | निवेदन र अन्य सूचना तथा जानकारीहरु | १५ दिन | शाखा प्रमुख<br>प्रदूषण नियन्त्रण तथा नियमन शाखा | नलाग्ने | उप महानिर्देशक |
| २. | वातावरणीय प्रवर्द्धनसम्बन्धी सूचना प्रवाह र कार्यक्रम संचालन गर्ने | निवेदन र अन्य सूचना तथा जानकारीहरु | तुरुन्तै/वार्षिक कार्यक्रममा तोकिए बमोजिम | शाखा प्रमुख,<br>प्रशासन तथा योजना शाखा | नलाग्ने | उप महानिर्देशक |
| ३. | वातावरणीय प्रभाव मूल्यांकन अनुगमन तथा परीक्षण गर्ने | निवेदन र अन्य सूचना तथा जानकारीहरु | तुरुन्तै/वार्षिक कार्यक्रममा तोकिए बमोजिम | शाखा प्रमुख, वातावरणीय अनुगमन तथा मूल्यांकन शाखा | नलाग्ने | उप महानिर्देशक |
| ४. | जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सूचना प्रवाह तथा कार्यक्रम संचालन गर्ने | निवेदन र अन्य सूचना तथा जानकारीहरु | तुरुन्तै/वार्षिक कार्यक्रममा तोकिए बमोजिम | शाखा प्रमुख, वातावरणीय अध्ययन तथा तथ्यांक शाखा | नलाग्ने | उप महानिर्देशक |
| ५. | वातावरणीय मापदण्डको परीक्षण गर्ने | निवेदन/नमूना | ३० दिन | शाखा प्रमुख, प्रयोगशाला शाखा | नलाग्ने | उप महानिर्देशक |
| ६. | धरौटीसम्बन्धी कार्य | निवेदन, करचुक्ता प्रमाणपत्र, बैंक भौचर | ७ दिन | शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | नलाग्ने | उप महानिर्देशक |
| ७. | विभागबाट प्रदान हुने सेवा सुबिधा सम्बन्धी विषयहरुको सूचना तथा जानकारी | निवेदन | तुरुन्तै/नियमानुसार | प्रवक्ता | नलाग्ने | महानिर्देशक |

***नोटः*** *वडापत्रमा उल्लेख भएका कार्यहरुको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित शाखा प्रमुख , उप महानिर्देशक र महानिर्देशकबाट निरन्तर अनुगमन र आवश्यक व्यवस्थापन गरिनेछ ।*

### ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

(क) निर्णय प्रक्रिया सम्बन्धमा :

१. विभागले उपलब्ध गराउने सेवा सम्बन्धमा:

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा:

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमा :

१. विभागले सम्पादन गर्ने कार्यहरु सम्बन्धमा:

- जनसंख्या तथा वातावरण मन्त्रालय मार्फत मन्त्रिपरिषद्मा प्रस्ताव पठाएर
- माननीय जनसंख्या तथा वातावरण मन्त्री स्तरबाट
- जनसंख्या तथा वातावरण सचिवस्तरबाट
- माननीय जनसंख्या तथा वातावरण मन्त्री/सचिवबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा तथा संचालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले महानिर्देशकले गर्ने भनी तोकिएका कामहरु
- महानिर्देशकले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको कर्मचारीले ।

### ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

(क) विभागले उपलब्ध गराउने सेवा सम्बन्धमा:

- प्रचलित ऐन कानूनमा तोकिए बमोजिम सूचनाको हक सम्बन्धी ऐन र नागरिक बडापत्र बमोजिम

(ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा:

- राष्ट्रिय सूचना आयोग

९. विभागले यस आ.व.२०७६/७७ मा हालसम्म सम्पादन गरेका प्रमुख कामको विवरणः

## आ.व. २०७६/७७ मा निति तथा कार्यक्रमको प्रगति

### निकायः वातावरण विभाग

| नीति तथा कार्यक्रमको बुंदा न. | बजेट बक्तव्यको बुँदा नं | निकायको LMBIS | क्रियाकलाप | लक्ष्य | माइलस्टोन | समयावधि | असोज महिनाको प्रगति | हालसम्मको प्रगति | माईस्टोनको स्थिति (कार्य शुरु नभएको/ काम भईरहेको/सम्पन्न) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०७ | १२४ | २.७.२१.३५ २.७.२१.३६ | EIA/ IEE गरेका ६० वटा आयोजनाहरुको अनुगमन तथा १५ वटा आयोजनाहरुको वातावरणीय परिक्षण | ६० वटा आयोजना १५ वटा आयोजना | आयोजनाहरुको छनौट | श्रावण-भाद्र | | ९९ वटा आयोजना पहिचान | सम्पन्न भएको | उजुरी परेको हकमा थप हुने |
| | | | | | आयोजनाहरुको अनुगमन | असोज-असार | १५ वटा आयोजना | २२ वटा आयोजना | काम भईरहेको | |
| | | | | | आयोजनाहरुको वातावरणीय परिक्षण | कार्तिक - असार | | | कार्य सुरु नभएको | |
| १०७ | १२४ | २.७.२१.१९ | वातावरण प्रदूषण सम्बन्धी अनुगमन एवं | १५० उद्योग | उद्योगको पहिचान | कार्तिक - असार | | २८० वटा उद्योग प्रतिष्ठान पहिचान | सम्पन्न भएको | उजुरी परेको हकमा थप हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | निरीक्षण गरी नमूना संकलन | | उद्योग प्रतिष्ठानको स्थलगत अनुगमन एवं निरीक्षण | भाद्र-असार | १ वटा उद्योग प्रतिष्ठान | १० वटा उद्योग प्रतिष्ठान | काम भईरहेको | |
| | | | | | नमुना सँकलन | भाद्र-असार | | | कार्य सुरु नभएको | प्रयोगशाला सेट अप नभएकोले |
| | | | | | संकलित नमुनाको प्रयोगशाला परिक्षण | भाद्र-असार | | | कार्य सुरु नभएको | |
| १३४ | १२४ | २.७.२१.११७ २.७.२१.११८ | सगरमाथा सहित ६ वटा हिमाल सरसफाइ | १ पटक | कार्यान्वयन कार्यविधि तयार | श्रावण | | कार्यविधि स्वीकृतिको लागि मन्त्रालय पठाइएको | काम भईरहेको | |
| | | | | | सरसफाईको लागि आवश्यक तयारी | भाद्र-माघ | | | कार्य सुरु नभएको | |
| | | | | | सरसफाई कार्य सम्पन्न | असोज-जेष्ठ | | | कार्य सुरु नभएको | |
| १३४ | १२४ | ११.४.१८.२ | राजधानीमा फोहोरमैला व्यवस्थापनमा ठुला खालका डस्टविनहरु राख्ने | १०० स्थान | ल.ई./कार्यसूची तयार तथा स्वीकृत | श्रावण | | स्पेसीफिकेसन तयार भइराखेको | काम भईरहेको | |
| | | | | | विड डकुमेन्ट तयार तथा खरिद प्रक्रिया | भाद्र-कार्तिक | | स्पेसीफिकेसन तयार भइराखेको | काम भईरहेको | |
| | | | | | मुख्य मुख्य चोकहरुमा डस्टविनहरु राख्ने | मंसिर-फाल्गुन | | | कार्य सुरु नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३४ | १२४ | ११.३.१४.३ | वातावरणीय जानकारीमूलक विद्युतिय सुचना वोर्ड स्थापना | १४ वटा | स्पेसिफिकेसन तयार तथा स्वीकृत | श्रावण-भाद्र | | स्पेसीफिकेसन तयार तथा स्वीकृत | सम्पन्न भएको | |
| | | | | | विड डकुमेन्ट तयार तथा खरिद प्रक्रिया | असोज-कार्तिक | बोलपत्र आवहान भएको | बोलपत्र आवहान भएको | काम भईरहेको | |
| | | | | | सुचना वोर्ड स्थापना तथा संचालन | मंसिर-चैत्र | | | कार्य सुरु नभएको | |
| १३४ | १२४ | ११.३.१४.८ | वायु गुणस्तर मापन केन्द्र स्थापना | ७ स्थान | स्पेसिफिकेसन तयार तथा स्वीकृत | श्रावण-भाद्र | | स्पेसीफिकेसन तयार तथा स्वीकृत | सम्पन्न भएको | |
| | | | | | विड डकुमेन्ट तयार तथा खरिद प्रक्रिया | असोज-पौष | बोलपत्र आवहान भएको | बोलपत्र आवहान भएको | काम भईरहेको | |
| | | | | | मापन केन्द्र स्थापना तथा संचालन | माघ-जेष्ठ | | | कार्य सुरु नभएको | |
| १३४ | १२४ | ११.३.११.१८ | खोलाको पानीको गूणस्तर अनुगमन स्टेसन स्थापना (तल्लो तटिय माथिल्लो तटिय) | १ नदी | स्पेसिकेसन तयार तथा स्वीकृत | श्रावण-भाद्र | स्पेशिफिकेशन तयार भइ स्वीकृतीको प्रकृयामा | स्पेशिफिकेशन तयार भइ स्वीकृतीको प्रकृयामा | काम भईरहेको | |
| | | | | | विड डकुमेन्ट तयार तथा खरिद प्रक्रिया | असोज-पौष | | | कार्य सुरु नभएको | |
| | | | | | स्टेशन स्थापना तथा संचालन | माघ-जेष्ठ | | | कार्य सुरु नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३४ | १२४ | ११.४.१ ७.१५९ ११.४.१ ७.१६० ११.४.१ ७.१६१ ११.४.१ ७.१७१ ११.४.१ ७.१८० ११.४.१ ७.१८१ ११.४.१ ७.१८२ | शहरी हरित उद्यान विकास कार्यक्रम | १४ वटा | स्थानीय तहहरु छनौट /प्रस्ताव आवहान | श्रावण-भाद्र | स्थान तोकीएका स्थानीय तहहरुमा प्रस्ताव आवहान गरिएको तथा स्थान छनोट नभएकोमा मन्त्रालयमा पेश गरिएको | स्थान तोकीएका स्थानीय तहहरुमा प्रस्ताव आवहान गरिएको तथा स्थान छनोट नभएकोमा मन्त्रालयमा पेश गरिएको | काम भईरहेको | |
| | | | | | प्रस्ताव छनौट तथा स्थानीय तहसँग सम्झौता | असोज-पौष | | | कार्य सुरु नभएको | |
| | | | | | उद्यान निर्माण तथा विकास | माघ-बैशाख | | | कार्य सुरु नभएको | |
| १३४ | १२४ | २.७.२१.५९ | विद्यालय केन्द्रीत वातावरण संरक्षण कार्यक्रम | ५० वटा | विद्यालय छनौट | श्रावण-माघ | प्रस्ताव आवहान भएको | प्रस्ताव आवहान भएको | काम भईरहेको | |
| | | | | | कार्यक्रम कार्यान्वयन | माघ-बैशाख | | | कार्य सुरु नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३४ | १२४ | २.७.२१.११९ | सचेतना जागरणका लागि खेलाडी कलाकार तथा स्वयमसेवक परिचालन | ५० वटा | कार्ययोजना तयार | श्रावण-भाद्र | | कार्यविधि स्वीकृतिको लागि मन्त्रालय पठाइएको | काम भईरहेको | |
| | | | | | स्वयंसेवक छनौट | असोज-कार्तिक | | | कार्य सुरु नभएको | |
| | | | | | सचेतना कार्यक्रम कार्यान्वयन | मंसिर-जेष्ठ | | | कार्य सुरु नभएको | |
| १३३ | ११८ | ११.४.१७.१६४ | फलफूलको विरुवा उत्पादन/खरिद तथा वृक्षारोपण | १०००००० वटा | विरुवा उत्पादन/खरिद | कार्तिक - फाल्गुन | | | | |
| | | | | | स्थान छनौट | चैत्र - बैशाख | | | | |
| | | | | | वृक्षारोपण | जेष्ठ - असार | | त्रिपुरेश्वर देखि दरबारमार्ग सम्म ४५० गोटा विरुवा रोपण गरिएको | काम भईरहेको | |

१६.सूचना अधिकारी र प्रमुखको नाम तथा पदः

| प्रमुखको नाम तथा पदः | सूचना अधिकारीको नाम तथा पदः |
| --- | --- |
| नामः आभा श्रेष्ठ कर्ण | नामः **शंकर प्रसाद पौडेल** |
| पदः महानिर्देशक | पदः सि.डि.के. |
| टेलिफोन नं. ९८५१०१४९९७ | टेलिफोन नं. ९८४१५८३७४३ |

**१७. विभागसँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

**विषयगत नीति एवं कानूनहरुः**

- ✓ जलवायु परिवर्तन नीति, २०६७
- ✓ वातावरण संरक्षण ऐन, २०७६
- ✓ ओजोन तहलाई विनास गर्ने पदार्थको खपत नियन्त्रण नियमावली, २०५७

**वातावरण सम्बन्धी निर्देशिका र मापदण्डहरुः**

- ➢ इट्टाँभट्टा उद्योगबाट निस्कने धुँवा तथा चिम्नीको उचाइ सम्बन्धी मापदण्ड, २०६४
- ➢ घरभित्रको वायुको गुणस्तर राष्ट्रिय मापदण्ड, २०६६
- ➢ घरभित्रको वायुको गुणस्तर राष्ट्रिय मापदण्ड कार्यान्वयन निर्देशिका, २०६६
- ➢ प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८
- ➢ नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९
- ➢ वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- ➢ औद्योगिक व्याइलरको सञ्चालनबाट निष्कासन हुने धुवाँ सम्बन्धी मापदण्ड, २०६९
- ➢ औद्योगिक व्याइलरको चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०६९
- ➢ ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- ➢ सिमेन्ट र क्रसर उद्योगबाट निष्कासन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड, २०६९
- ➢ डिजेल जेनेरेटरबाट निष्कासन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड, २०६९
- ➢ इन्सिनेरेटबाट निष्कासित धुवाँ र चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०७१
- ➢ पेन्ट्समा लिडको मात्रा सम्बन्धी मापदण्ड, २०७१
- ➢ सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्टको लागि घटी बढी सीमा
- ➢ सार्वजनिक ढलहरुमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटि बढी सीमा
- ➢ संयुक्त फोहोर पानी प्रशोधन प्लान्टबाट सतही पानीमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटि बढी सीमा

➢ उद्योगबाट सतही पानीमा पठाईने औद्योगिक एफ्ल्युएण्टको मापदण्ड:

- ✓ गैर अल्कोहलजन्य पेय पदार्थ सम्बन्धी उद्योगहरु
- ✓ औषधी उत्पादन गर्ने उद्योगहरु
- ✓ छाला उद्योगहरु
- ✓ ऊन प्रशोधन उद्योगहरु
- ✓ फर्मेन्टेशन उद्योगहरु
- ✓ वनस्पति घ्यू तथा तेल उद्योगहरु
- ✓ पेपर र पल्प उद्योगहरु
- ✓ दूध उद्योगहरु
- ✓ चिनी उद्योगहरु
- ✓ सुती कपडा उद्योगहरु
- ✓ साबुन उद्योगहरु
- ✓ पेन्ट्स उद्योगहरु
- ✓ ग्याल्भनाइजिंग उद्योगहरु

➢ नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उप दफा (३) ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन भएको मितिले १८१ औं दिनदेखि लागू हुने गरी सवारी साधनमा प्रयोग हुने Brake Shoe र Clutch Plate को Asbestos Lining बाहेक Asbestos Corrugated/Non Corrugated Sheet, Tiles, Insulators आदि सबै Asbestos र Asbestos युक्त वस्तुको आयात, बिक्री वितरण र प्रयोग गर्न प्रतिवन्ध लगाएको । (मिति २०७१ पौष ७ को राजपत्रको सूचना)

➢ नेपाल सरकारले काठमाडौं उपत्यकालाई स्वच्छ, सफा र प्रदुषणमुक्त बनाउने उद्धेश्यले सम्बत् २०७२ साल वैशाख १ गतेदेखि काठमाडौं उपत्यकामा २० X ३५ इन्च साइज र ४० माइक्रोन मोटाई सम्मका प्लाष्टिकका झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाएको । (मिति २०७१ चैत्र १८ को राजपत्रको सूचना)

**१८. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:** वातावरण विभागको आ.व.२०७६/७७ को असोज मसान्तसम्म भएको शीर्षकगत बजेट खर्च विवरण देहाय बमोजिम रहेको छ:

नेपाल सरकार
**वातावरण विभाग**

**बजेट उपशीर्षक नं. : 329050113**
**बजेट उपशीर्षकको नाम : वातावरण विभाग**

# खर्चको फाँटवारी

**आ.व. 2076/77 आश्विन महिना**

| खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिनासम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| 21111 | पारिश्रमिक कर्मचारी | 23,400,000.00 | 4,463,609.30 | 1,661,749.83 | 6,125,359.13 | 0.00 | 6,125,359.13 | 17,274,640.87 |
| 21121 | पोशाक | 500,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 500,000.00 |
| 21132 | महंगी भत्ता | 1,200,000.00 | 140,000.00 | 74,000.00 | 214,000.00 | 0.00 | 214,000.00 | 986,000.00 |
| 21134 | कर्मचारीको बैठक भत्ता | 300,000.00 | 0.00 | 282,000.00 | 282,000.00 | 282,000.00 | 0.00 | 18,000.00 |
| 21139 | अन्य भत्ता | 100,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 100,000.00 |
| 21212 | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | 100,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 100,000.00 |
| 21213 | योगदानमा आधारित बीमा कोष खर्च | 200,000.00 | 28,000.00 | 14,800.00 | 42,800.00 | 0.00 | 42,800.00 | 157,200.00 |
| 22111 | पानी तथा बिजुली | 800,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 800,000.00 |
| 22112 | संचार महसुल | 700,000.00 | 41,000.00 | 500.00 | 41,500.00 | 0.00 | 41,500.00 | 658,500.00 |
| 22212 | इन्धन (कार्यालय प्रयोजन) | 2,200,000.00 | 116,982.70 | 170,593.62 | 287,576.32 | 0.00 | 287,576.32 | 1,912,423.68 |
| 22213 | सवारी साधन कर्मत खर्च | 1,400,000.00 | 39,345.00 | 248,207.00 | 287,552.00 | 0.00 | 287,552.00 | 1,112,448.00 |
| 22214 | बिमा तथा नवीकरण खर्च | 400,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 400,000.00 |
| 22221 | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | 700,000.00 | 0.00 | 7,668.00 | 7,668.00 | 0.00 | 7,668.00 | 692,332.00 |

| खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिनासम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| 22291 | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | 300,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 300,000.00 |
| 22311 | मसलन्द तथा कार्यालय सामाग्री | 4,200,000.00 | 13,390.00 | 153,256.00 | 166,646.00 | 10,000.00 | 156,646.00 | 4,033,354.00 |
| 22314 | इन्धन-अन्य प्रयोजन | 100,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 100,000.00 |
| 22315 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 700,000.00 | 91,445.00 | 100,937.00 | 192,382.00 | 0.00 | 192,382.00 | 507,618.00 |
| 22319 | अन्य कार्यालय सन्चालन खर्च | 300,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 300,000.00 |
| 22411 | सेवा र परामर्श खर्च | 500,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 500,000.00 |
| 22412 | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 1,600,000.00 | 0.00 | 115,260.00 | 115,260.00 | 0.00 | 115,260.00 | 1,484,740.00 |
| 22413 | करार सेवा शुल्क | 2,900,000.00 | 638,340.00 | 227,450.00 | 865,790.00 | 0.00 | 865,790.00 | 2,034,210.00 |
| 22511 | कर्मचारी तालिम खर्च | 7,500,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 7,500,000.00 |
| 22512 | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | 12,300,000.00 | 0.00 | 705,379.00 | 705,379.00 | 240,000.00 | 465,379.00 | 11,594,621.00 |

| खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिनासम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| 22522 | कार्यक्रम खर्च | 221,000,000.00 | 501,392.00 | 3,665,483.00 | 4,166,875.00 | 270,000.00 | 3,896,875.00 | 216,833,125.00 |
| 22611 | अनुगमन, मूल्यांकन खर्च | 1,300,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 1,300,000.00 |
| 22612 | भ्रमण खर्च | 100,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 100,000.00 |
| 22711 | विविध खर्च | 1,000,000.00 | 0.00 | 27,560.00 | 27,560.00 | 0.00 | 27,560.00 | 972,440.00 |
| **जम्मा** | | 285,800,000.00 | 6,073,504.00 | 7,454,843.45 | 13,528,347.45 | 802,000.00 | 12,726,347.45 | 272,271,652.55 |

नेपाल सरकार

**वातावरण विभाग**

**बजेट उपशीर्षक नं. : 329050114**

**बजेट उपशीर्षकको नाम : वातावरण विभाग**

# खर्चको फाँटवारी

**आ.व. 2076/77 आश्विन महिना**

| खर्च । वित्तिय संकेत नं. | खर्च । वित्तिय शीर्षक | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिनासम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| 31112 | भवन निर्माण | 6,000,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 6,000,000.00 |
| 31121 | सवारी साधन | 15,000,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 15,000,000.00 |
| 31122 | मेशिनरी तथा औजार | 195,500,000.00 | 186,450.00 | 396,065.00 | 582,515.00 | 0.00 | 582,515.00 | 194,917,485.00 |
| 31123 | फर्निचार तथा फिक्चर्स | 5,000,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 5,000,000.00 |
| 31132 | कम्प्यूटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ती | 1,700,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 1,700,000.00 |
| 31157 | वन तथा वातावरण संरक्षण | 50,000,000.00 | 0.00 | 320,000.00 | 320,000.00 | 0.00 | 320,000.00 | 49,680,000.00 |
| 31158 | सरसफाई संरचना निर्माण | 25,000,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 25,000,000.00 |
| 31159 | अन्य सार्वजनिक निर्माण | 25,000,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 25,000,000.00 |
| **जम्मा** | | 323,200,000.00 | 186,450.00 | 716,065.00 | 902,515.00 | 0.00 | 902,515.00 | 322,297,485.00 |

१९. तोकिए बमोजिमका अन्य विवरण :

विभागमा कार्यरत कर्मचारीहरु र सम्पर्क नम्बर देहाय बमोजिम रहेको छः

**नेपाल सरकार**

**वन तथा वातावरण मन्त्रालय**

# वातावरण विभाग

**बबरमहल, काठमाडौ**

**कार्यालयको सम्पर्क** ४२२०४९७, ४२२०

**फ्याक्स नं.:**

| क्र.सं. | क.सं.नं. | पद | नाम, थर | कार्यालय | | मोबाईल नं. | ईमेल |
|---|---|---|---|---|---|---|---|
| | | | | टेलिफोन | एक्सटेनसन | | |
| १ | | महानिर्देशक | आभा श्रेष्ठ कर्ण | ०१-४२२०६४७ | | ९८५१०१४९९७ | aabhashree@yahoo.com |
| महानिर्देशकज्यूको निजी सचिवालय | | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |
| ३ | १४८८३१ | उप-महानिर्देशक | इन्दु विक्रम जोशी | | | ९८४१२२१०५५ | |
| उप-महानिर्देशकज्यूको निजी सचिवालय | | | | | | | |
| ४ | | | | | | | |
| प्रशासन तथा योजना शाखा | | | | | | | |
| ५ | १५९१५३ | उप-सचिव | आनन्दकेशरी पोखरेल | | | ९८५११६१८०६ | |
| ६ | १६८०२१ | शाखा अधिकृत | कुमार प्रसाद भट्टराई | | | ९८४१५०२४६८ | kumarpdbhattarai@hotmail.com |
| ७ | १६१६०१ | शाखा अधिकृत | महेश भण्डारी | | | ९८४१२८९७४५ | |
| ८ | १९२८२६ | कानून अधिकृत | शम्भु निरौला | | | ९८५११५५५२६ | sniraula39@gmail.com |
| ९ | २०७९७५ | वातावरण निरीक्षक | प्रकाश के.सी | | | ९८४१५६११४० | prakashbox@gmail.com |
| १० | १८३८५० | ना.सु. | प्रकाश बानिया | | | ९८६०१७०८९७ | pbaniya32@yahoo.com |
| ११ | २०८४९४ | ना.सु. | मन्जु काफ्ले | | | ९८६०५५५८९९ | |
| १२ | २०४०३२ | कम्प्युटर अपरेटर | जितेन्द्र कुमार यादव | | | ९८४३४४०३७९ | mejiten4u@gmail.com |
| १३ | २२७७७२ | कम्प्युटर अपरेटर | वेविका राना | | | ९८४७८४१५५४ | bebikarm@gmail.com |
| १४ | २१९२८३ | पुस्तकालय सहायक | बविता कुमारी | | | ९८४९१३३२०२ | |
| प्रदुषण नियन्त्रण तथा नियमन शाखा | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | १८२५०३ | सि.डि.के. | शंकर प्रसाद पौडेल | | | ९८४१५८३७४३ | shankar_prasad_paudel@yahoo.com |
| १६ | २०७९०१ | वातावरण निरीक्षक | गोविन्द प्रसाद लामिछाने | | | ९८४९७३९३८३ | lamichhanegovin@gmail.com |
| १७ | २०७८९८ | वातावरण निरीक्षक | राजेश्वर पौडेल | | | ९८४१३९०५३५ | rajeshor_paudel@yahoo.com |
| १८ | २०७९०० | वातावरण निरीक्षक | नविना महर्जन | | | ९८४१७३२०१९ | nmaharjan.doenv@gmail.com |
| १९ | २१२२७५ | वातावरण निरीक्षक | सुनिता फुयाँल (घिमिरे) | | | ९८४१४३६२६७ | sunitaphuyal_env@yahoo.com |
| २० | २१२२७६ | वातावरण निरीक्षक | सुनिता खनाल | | | ९८४१८४०४५० | s.sunitakhanal@gmail.com |
| २१ | १९७२६३ | केमिष्ट | केशव पौडेल | | | ९८६०३१९८१९ | piuskp@yahoo.com |
| २२ | २०४०३२ | इञ्जिनियर वि एण्ड आर्क | अजेय आचार्य | | | ९८४००५६०९५ | ajeya.aryaal1994@gmail.com |
| २३ | १८९६२५ | मे.ईन्जिनियर | विजय अधिकारी | | | ९८५८०४४४९९ | |
| **वातावरणीय अनुगमन तथा परीक्षण शाखा** | | | | | | | |
| २४ | १९४६७७ | वैज्ञानिक अधिकृत | डोलराज लुईटेल | | | ९८४१३०१५४८ | |
| २५ | २०७९५० | वातावरण निरीक्षक | रूपा राई | | | ९८४१९६०८९६ | ruparae@hotmail.com |
| २६ | २१२२६९ | वातावरण निरीक्षक | भुपेन्द्र शर्मा | | | ९८४१७४५५१९ | env_bhupi@yahoo.com |
| २७ | २१२२७८ | वातावरण निरीक्षक | हसना श्रेष्ठ सिंह | | | ९८५१०९२७७० | shrestha0075@hotmail.com |
| २८ | २१२२७७ | वातावरण निरीक्षक | रिना चौधरी | | | ९८४५४५३९४४ | reenu_chad@yahoo.com |
| २९ | २१२२७३ | वातावरण निरीक्षक | स्वस्ती श्रेष्ठ | | | ९८४९२९६६१४ | swastishrestha.nepal@gmail.com |
| ३० | | वातावरण निरीक्षक | | | | | |
| ३१ | १२५१३८ | इन्जिनियर | गायत्री प्रधान जोशी | | | ९८४१०६८१७४ | |
| ३२ | २२५१६२ | इञ्जिनियर हा.पा. सिभिल | प्रविन चौधरी | | | ९८६०३०९४९६ | chaudharypraveen078@gmail.com |
| **वातावरणीय अध्ययन तथा तथ्यांक शाखा** | | | | | | | |
| ३३ | | वरिष्ठ कृषि अर्थविज्ञ | | | | | |
| ३४ | २०७९०२ | वातावरण निरीक्षक | केशव राज जोशी | | | ९८४१९६१८३२ | keshabj@gmail.com |
| ३५ | २०७९०३ | वातावरण निरीक्षक | लक्ष्मी कुमारी ठगुन्ना | | | ९८४१६१०२४९ | laxmithagunna@gmail.com |
| ३६ | २०७९०३ | वातावरण निरीक्षक | विष्णु पाण्डे | | | ९८४१८२३६३१ | bishnu.pandey@nepal.gov.np |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वातावरणीय प्रयोगशाला शाखा | | | | | | | |
| ३७ | | सि.डि.के. | | | | | |
| ३८ | १९०१६४ | केमिष्ट | शिला खतिवडा | | | ९८४१७२६६१२ | aboutshila@gmail.com |
| ३९ | २१६९२७ | केमिष्ट | अस्मिता वली | | | ९.८४२ङ्क+०९ | asmioli11@gmail.com |
| ४० | २०९०८५ | केमिष्ट | प्रकाश भण्डारी | | | ९८५११९३०५६ | bhandariprakash014@gmail.com |
| ४१ | १३९४३३ | असिष्टेन्ट केमिष्ट | रेखा कुमारी चौधरी | | | ९८४९७४७४८५ | |
| आर्थिक प्रशासन शाखा | | | | | | | |
| ४२ | १९१५६२ | लेखा अधिकृत | मुक्ति नाथ अधिकारी | | | ९८४१६७५६१८ | muktina23@gmail.com |
| ४३ | १९६९७० | लेखापाल | भिम बहादुर सुनुवार | | | ९८४२८४८४८९ | |
| कार्यालय सहयोगी र हलुका सवारी चालक | | | | | | | |
| १ | | ह.स.चा. | दीपक दाहाल | | | ९८४९७८६५९६ | |
| २ | | ह.स.चा. | कान्छामान तामाङ | | | ९८४९२२५०१४ | |
| ३ | | ह.स.चा. | निराजन खनाल | | | ९८१३९८२६६५ | |
| ४ | | कार्यालय सहयोगी | दुर्गा राज गिरी | | | ९८४१०५०५०७ | |
| ५ | | कार्यालय सहयोगी | बसन्ता घर्ती | | | ९८४४७९०७७० | |
| ६ | | कार्यालय सहयोगी | सिता रेग्मी | | | ९८४१५७०४९९ | |
| ७ | | कार्यालय सहयोगी | महेन्द्र प्रसाद शर्मा | | | ९८४३२५९८१२ | |
| ८ | | कार्यालय सहयोगी | सिता जि.सी. | | | ९८४३७२८५८४ | |

२०. अघिल्लो आर्थिक वर्ष (आ.व.२०७**५**/७**६**) मा विभागले संचालन गरेका केही प्रमुख कार्यक्रमहरुको विवरण:

## आ व २०७५/०७६ को चैत्र मसान्त सम्म भएको कार्य प्रगति

१. वातावरणीय अनुगमनको कानुनी पक्ष सम्बन्धी क्षमता अभिवृद्धि तालिम

तालिम संचालन मिति २०७५/०५/०३ देखी २०७५/०५/०८ सम्म

स्थान युनियन हाउस अनामनगर काठमाडौं

सहभागी वातावरण विभाग सडक विभाग विद्युत विकास विभाग सिचाई विभागका कर्मचारी करिब ३० जना को सहभागिता

वातावरणिय अनुगमन निरीक्षणका कार्यक्रम संचालन गर्दा ध्यान दिनु पर्ने कानुनी पक्षका सम्बन्धमा अनुगमन निरीक्षणमा संलग्न कर्मचारीहरुलाई ज्ञान सिप क्षमता अभिबृद्धी गर्ने उद्धेश्यले वातावरण विभागको आयोजना र ज्योति ल फर्मको सहयोगमा उक्त तालिम संचालन गरिएको थियो। तालिममा निम्न विषयहरुमा सम्बन्धित क्षेत्रका विज्ञहरुबाट कक्षा संचालन गरिएको थियो।

विकास र वातावरण विच सन्तुलन, वातावरण व्यवस्थापनका कानुनी पक्षहरुको विवेचना तथा वातावरण न्याय सम्पादन, वातावरणीय मुद्धामा प्रचलित अन्तराष्ट्रिय कानुनको विवेचना, वातावरणीय अनुगमन प्रक्रियामा कानुनी तरिकाबाट प्रतिवेदन लेखन तथा निर्णय प्रक्रिया, वातावरणीय मुद्धामा बयान कारबाही र निर्णय प्रक्रियाको कार्यविधि, प्रदूषण व्यवस्थापन नियमन तथा अनुगमनमा वातावरण विभागको भुमिका, सुचनाको हक: सार्वजनिक निकायमा यसको यसको विवेचना, IEE/EIA सम्बन्धी कानुनी व्यवस्था तथा सुधारका संभावनाहरु, वातावरणीय कानुनको उल्लंघनमा वातावरण निरीक्षकको दायित्व, संघिय वातावरण कानुनको मस्यौदा सम्बन्धी छलफल, नेपाल पक्ष राष्ट्र भएका वातावरणसँग सम्बन्धीत अन्तराष्ट्रिय सन्धीहरुको कार्यान्वयन पक्ष लगायतका विविध विषयमा तालिम प्रदान गरिएको थियो।

**२.वातावरणीय अनुगमन तथा वातावरणीय परीक्षण सम्बन्धी तालिम**

तालिम संचालन मिति: २०७५/०५/३१ देखी २०७५/०६/०५ सम्म

स्थान: वातावरण विभागको सभाहल कुपण्डोल ललितपुर

सहभागी वातावरण विभाग अन्य निकायका कर्मचारीहरु (२० जना)

वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ मा व्यवस्था भएका प्रावधान अनुरुप आयोजनाहरुले प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावणीय प्रभाव मुल्यांकन प्रस्ताव मा उल्लेखित प्रावधान तथा शर्तहरु अनुरुप संचालन भए नभएको सम्बन्धमा गरिने अनुगमनलाई प्रभावकारी बनार्नर् तथा भएका वातावणीय प्रभाव मुल्यांकन को अडिटलाई प्रभावकारी बनाउने बिषयमा सम्बन्धित कर्मचारीको क्षमता अभिबृद्धि गर्ने उद्धेश्यले आयोजित तालिममा सम्बन्धित क्षेत्रका विज्ञहरुबाट कक्षा संचालन भएको थियो।

तालिममा भौतिक जैविक र आर्थिक सामाजिक वातावरणको अनुगमन वातावरणीय अडिट नेपालमा वातावरणीय अडिटका अभ्यासहरु अन्तराष्ट्रिय र क्षेत्रिय अभ्यासहरु लगायतकाविविध पक्षहरुमा कक्षा संचालन गरिएको थियो।

**वातावरण सम्मेलन, २०७५**

वातावरणीय मुद्धाहरुलाई स्थानियकरण गर्ने र वातावरणका अन्तरसम्बन्धित सवालहरुमा साझा प्रतिबद्धता खोज्ने उद्धश्यका साथ मिति २०७५।०६।२१ मा वातावरण विभाग तथा इसिमोडको सहकार्यमा प्रथम वातावरण सम्मेलन, २०७५ को आयोजना गरियो। सम्माननीय राष्ट्रपतिज्यूले यस सम्मेलनको कम्प्युटरको बटन दबाएर कार्यक्रम शुभारम्भ गर्नुभयो । राष्ट्रिय सभा तथा प्रतिनिधि सभाका वातावरणसंग सम्बन्धित संसदिय समितिका माननीय सभापति, प्रदेश सरकारका माननीय मन्त्रीयूहरु, राष्टिय योजना आयोगका माननीय सदस्य, वन तथा वातावरण मन्त्रलायका सचिव, स्थानीय निकायका प्रमूख तथा उपप्रमूखहरु, उच्च पदस्थ अधिकारीहरु विभिन्न क्षेत्र र संघ संस्थाका व्यक्तिहरुको सहभागिता रहेको थियो। सम्मेलनमा वातावरण विभागका महानिर्देशक झलकराम अधिकारीज्यूले अतिथिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। कार्यक्रममा **माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेत**ले आफ्नो मन्तव्य राख्ने क्रममा मुलतः वातावरणीय समस्याहरु Local Regional Global प्रकृतिको हुने र यसलाई National to international र National to local को आधारमा हेर्नुपर्ने, बढ्दो शहरीकरण लगायतका कारण फोहोरमैला व्यवस्थापन लगायतका समस्याहरु बढ्दै गइरहेकोले यस्ता कार्यक्रमहरुमा समस्याहरु मात्र बिश्लेषण नगरी समाधान पहिल्याउने तर्फ अगाडी बढ्नु पर्ने भएकोले समस्या समाधानका रणनीतिहरु कार्ययोजनाहरु कार्यक्रमहरु आजको आवश्यकता भएको उल्लेख गर्दै यस सम्मेलनले सैदान्तिक मात्र नभएर व्यवहारिक पक्षहरुलाइ बहसको विषय बनाउनुपर्नेमा जोड दिँदै वातावरणीय समस्याहरुलाई समाधान गर्ने महत्वपूर्ण प्लाटफर्मको रुपमा यस कार्यक्रमले विज्ञहरुको उपस्थितिमा व्यापक सहभागितामा उपयुक्त निष्कर्षमा पुग्ने विश्वास सहित आफ्नो मन्तब्यको अन्त्य गर्नुभयो।

**सम्माननीय राष्ट्रपति विद्यादेबी भण्डारी**ले सर्वसाधारण नागरिकलाई सहज सूचना उपलब्ध गराउने उद्देश्यले तयार गरिएको वातावरण विभागको मोबाइल App Launch गरेपछि कार्यक्रमको प्रमुख अतिथिको रुपमा आफ्नो मन्तव्य राख्ने क्रममा वातावरण सम्बन्धी संबैधानिक व्यवस्था उल्लेख गर्दै पेरिस सम्झौता, मोन्ट्रियल सम्मेलन लगायत अन्तरराष्ट्रिय सम्मेलन अनुरुप राष्ट्रिय नीति तथा कानुन बन्ने विश्वास व्यक्त गर्नुभयो । साथै, वातावरणीय मुद्दाहरु कुनै एक तहको मात्र मुद्दा नभएर तीनै तहको मुद्दा भएकोले सबैले नीति निर्माणमा यथोचित ध्यान दिने विश्वास व्यक्त गर्दै फोहोरमैला व्यवस्थापन प्रदुषण नियन्त्रण र जलवायु परिवर्तनका विषयमा विशेष ध्यान दिन आग्रह गर्नुभयो। हामीले जलक्षेत्रको अतिक्रमण रोक्नुपर्ने, सुक्खा डढेलोको दर बढ्दै गइरहेको बाढी पहिरोको प्रकोप

बढ्दै गइरहेको हिमताल पग्लदै गइरहेकोले यस्ता समस्याहरुको सम्बोधन गर्नुपर्ने, वातावरण संरक्षण ऐन, नियमावलीहरुको समिक्षा गर्नुपर्ने, प्रभावकारी अन्तरनिकाय समन्वय गर्नुपर्ने विषयमा जोड दिँदै वातावरण नितिको तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो र आफ्नो मन्तव्य समापन गर्नुभयो ।

समुद्घाटन सत्रपछि वातावरण विभागका महानिर्देशकले नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ सम्बन्धमा प्रस्तुती दिने क्रममा यसका उद्देश्य, नीति, रणनीति उल्लेख गर्दै संघ, प्रदेश तथा स्थानीय तहका भूमिका र जिम्मेवारी बारेमा प्रस्तुती गर्नु भई सबै क्षेत्र र तहको सक्रियता र सहभागितामा यो महाअभियान सफल पार्नुपर्ने बताउनुभयो ।

पहिलो प्राविधिक सत्रमा वातावरण व्यवस्थापनका विभिन्न आयामहरु समावेश गरिएका चार वटा कार्यपत्रहरुको प्रस्तुति तथा उक्त प्रस्तुति माथि समिक्षा गर्दै प्यानल छलफल समेत गरियो । दैनिक जिवन सँग प्रत्यक्ष सरोकार राख्ने ति विषयगत पक्षहरुमा वायु प्रदूषण, शहरी वातावरण, वातावरणीय प्रभाव मुल्यांकन, एकिकृत नदि जलाधार व्यवस्थापन रहेका थिए। विज्ञहरुको कार्यपत्रमा उत्साहजनक रुपमा सहभागीहरुबाट प्रश्न सुझाबहरु प्राप्त भएको थियो। त्यसै गरी उक्त बिषयहरुमा विज्ञहरु विच प्यानल छलफल भएको थियो। छलफलका क्रममा आएका विभिन्न बुदाहरु मध्ये वातावरण नीति तयार गरिनु पर्ने, ऐन नियमावलीमा समयसापेक्ष सुधार गरिनु पर्ने, संस्थागत सबलीकरण गरिनु पर्ने, नयाँ संस्थाहरुको आवश्यकत पर्नसक्ने र वातावरण संरक्षण परिषदलाई प्रभावकारी बनाइनुपर्ने बिषयहरु उठेका थिए । त्यसैगरी वातावरणीय प्रभाव मूल्यांकन प्रभावकारी बनाउन अध्ययन गर्ने सस्थालाई एक्रिडेट गर्न सकिने र यस क्षेत्रका विज्ञहरुलाई नियमन गर्न वातावरण काउन्सिल गठन गर्न सकिने बिषय उठेका थिए। यसबाहेक प्रस्तुतीमा नयाँ विषयहरु हरित ग्याँस गृहका प्रभाव, जल प्रकोप र त्यसको व्यवस्थापन पानीको गुणस्तरका बिषय सम्बन्धमा पनि बिशेष ध्यान दिनु पर्ने कुराहरु उठेका थिए।

प्राविधिक सत्रको दोस्रो खण्डमा दुईवटा फरक विषयमा प्राविधिक प्रस्तुति भएको थियो। पहिलो प्रस्तुति जलवायु परिवर्तन र त्यसले हिमाल तथा हिमनदीहरुमा परेको असरको बारेमा थियो । बढ्तो विश्वव्यापी तापमानले गर्दा हिमताल फुट्ने र त्यसबाट आउने बाढी र हिउँ पग्लिँदा हिमनदी र त्यसले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने मानिसहरुमा बढ्दो जोखिम रहेको कुरा प्रस्तुत गरिएको थियो । हिमनदीहरुको नियमित अनुगमन र इन्भेन्टरी तयार गरेमा जोखिम न्यूनिकरणमा योगदान पुग्ने बिषय उठाइएको थियो। त्यसैगरी, दोस्रो प्रस्तुतिमा वातावरण बिशेष गरी वन क्षेत्रको

संरक्षणका लागी भू–दृष्य तहबाट संरक्षणका कार्यक्रमहरु अगाडी बढाउनु पर्ने कुरामा जोड दिइएको थियो। पुर्वाधारको तिब्र विकास भू-दृष्य संरक्षणमा चुनौतीको रुपमा खडा भएको हुँदा विभिन्न तहका सरकारबिच आपसी समन्वय र सहकार्यका आधारमा संरक्षणका कार्यक्रम अगाडी बढाउनु पर्ने आवश्यकता औल्याइएको थियो ।

कार्यक्रमको समापन सत्रमा **इसिमोडका डाइरेक्टर जनरल डेभिड मोल्डेन**ले नेपाल सरकारसँग मिलेर काम गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले आजभन्दा करिब ३५ बर्ष अगाडि पहाडी क्षेत्रका जनताको लागि काम गर्ने उद्धेश्यका साथ इसिमोडको स्थापना भएको जानकारी दिनुभयो । **राष्ट्रिय योजना आयोगका मानीनय सदस्य डा. कृष्ण प्रसाद ओली**ले यस महत्वपुर्ण कार्यक्रमको आयोजना गरेकोमा आयोजकलाई धन्यवाद दिनु भयो । उहाले यस कार्यक्रमबाट आउने दस्तावेजले नीति नियम बनाउन सहयोग बन्ने आशा व्यक्त गर्नुभयो । उहाँले योजना आयोग पन्ध्रौ योजना बनाउने संघारमा रहेको र २०५० भिजन बनाउने संघारमा रहेकोमा यस सम्मेलनबाट आएका विचार महत्वपूर्ण हुने विचार व्यक्त गर्नु भयो । **कर्णाली प्रदेशका माननीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्री नर बहादुर बुढा**ले यस सम्मेलनले प्रान्त तथा स्थानीय सरकारलाई मार्गदर्शन गरेको विचार व्यक्त गर्नु भयो। उहाँले कर्णाली प्रदेशमा जडीबुटी संकलनका क्रममा जैविक विविधतामा दिन प्रति दिन ह्रास आइरहेको बताउनु भयो। **गण्डकी प्रदेशका माननीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्री विकास लम्साल**ले कार्यक्रमको आयोजना गरेकोमा वन तथा वातावरण मन्त्रालय तथा वातावरण विभागलाई धन्यवाद दिनु भयो। उहाँले गण्डकी प्रदेशले पर्यटन सँगै समृद्धि हासिल गरेर अगाडि बढ्ने नीति बनाएको र यसको लागि वातावरण संरक्षण महत्वपुर्ण हुने विचार व्यक्त गर्नुभयो । उहाँले संघले अलकति प्रविधि हस्तान्तरण गर्ने हो र अलिकति स्रोतको व्वस्था गरिदिने हो भने प्रदेशले धेरै काम गर्न सक्ने विचार व्यक्त गर्नु भयो । **माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेत**ले मानिस र प्रकृतिबिचको सम्बन्धलाई स्वस्थ बनाउन, हामी सबैका भोगाई बुझाई लाई एक ठाउँमा केन्द्रित गर्न र वातावरणका समस्यालाई कसरी समाधान गर्ने भन्ने बारेमा भएका अलग अलग प्रयासलाई कसरी साझा रुपमा अगाडि बढाउने विषयमा सम्मेलन महत्वपूर्ण हुने बताउँदै कार्यक्रम आयोजनाका लागि वातावरण विभाग र इसिमोडलाई धन्यवाद दिनुभयो । उहाँले यस्ता सम्मेलन प्रदेश स्तरमा पनि आयोजना गरिनुपर्ने बताउनुभयो । उहाँले यस सम्मेलनमा उठेका विषयलाई सन्दर्भका रुपमा लिएर वातावरण नीति निर्माणको प्रकिया शुरू गर्ने जानकारी दिनुभयो । साथै, मौलिक हकको कार्यान्वयनका लागि हाल वातावरण संरक्षण ऐनको संशोधन गरिएको र अहिले

उठेका विविध विषयलाई सम्बोधन गरी नयाँ वातावरण संरक्षण ऐन बनाउने प्रक्रियामा रहेको जानकारी दिनभयो । कार्यक्रमको अन्तमा सबै अतिथी तथा सहभागीलाई **वातावरण विभागका महानिर्देशक झलकराम अधिकारी**ले धन्यवाद ज्ञापन गर्नुभयो । सो अवसरमा उहाँले **माननीय मन्त्री**बाट केही महत्वपुर्ण निर्देशन भएको र महत्वपूर्ण पोलिसी ब्रेक थ्रु गर्ने र वातावरणीय अपराधलाई न्यायको रुपमा स्थापित गर्ने बेला भएको बताउनुभयो ।

### ४. **Air now तालिम**

वातावरण विभाग United states of America, EPA तथा World Health Organization को संयुक्त आयोजना मा वातावरण विभागका कर्मचारीहरुलाई नेपालको लागी तयार गरिएको air now system को संचालन सम्बन्धमा तालिम कार्यक्रमको आयोजना गरिएको थियो।

तालिम संचालन मिति: २०७५/०६/०९ देखी २०७५/०६/१२ सम्म

स्थान: होटल हिमालय कुपण्डोल ललितपुर

सहभागी वातावरण विभाग कर्मचारीहरु ( करिब २० जना)

तालिमका बिषयहरु

AirNow-I system training (project overview and system demo with Nepal data), AirNow-I system training (software features/components/capabilities), AirNow-I system training (Why data QA/QC is done, Data validation levels, General approach, managing sites), AirNow-I system training (outputs, reports, datafeeds, data analysis). Discussion on website/reporting of information, Data Messaging/Air Quality Index (aggregate and report the data, Nowcast, averaging/highest sensor, data completeness rules, when/how make data public), Troubleshoot any data flow issues into AirNow-I / Data Processing/ software issues. , Troubleshoot any data flow issues into AirNow-I / Data Processing/ software issues.

### ५. वातावरण सम्बन्धी ऐन नियम निर्देशिका नीति मापदण्डहरुको कार्यान्वयन सम्बन्धमा उद्योगहरुको नियमित तथा आकस्मिक अनुगमन

यस अवधिमा काठमाण्डौ उपत्यका लगायत देशभरमा रहेका जम्मा १३२ वटा उद्योग प्रतिष्ठानहरुको अनुगमन गरिएको जसमा केही उद्योग/अस्पताल/अन्य प्रतिष्ठानहरुलाई कारवाही प्रक्रिया अगाडि बढाएको, केही लाई बयान लिएको र बाँकी रहेकालाई सुझाबका लागि पत्राचार गरेको ।

वातावरण विभाग अन्तर्गतका निति तथा कार्यक्रमहरुको माईलस्टोन अनुसारको प्रगति

| वुदा नं | माईलस्टोन | | लक्ष्य | समयावधि | चैत्र महिनाको प्रगति | हाल सम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| ३७.४ | **१. सहभागितामूलक स्थानिय अनुकूलन योजना LAPA तयारी (साविक गा.वि.स.हालका वडा) (१) तथा कार्यान्वयन (३४० वटा )** | | | | | |
| | १ | सहभागितामूलक स्थानिय अनुकूलन योजना LAPA तयारी | | पुष सम्म | | २१ वटा तयारी |
| | २ | परामर्शदाता संस्था छनौट, सम्झौता, कार्य शुरू | | श्रावण/भदौ | | सेवा प्रदायक संस्था छनौट भएको । |
| | ३ | सहभागितामूलक LAPA को तयारी, स्वीकृती र कार्यान्वयन | | असोज- पुष | रुपान्तर तथा केयर नेपाल संग संझौता भई ४ वटा लापा तयारी भइरहेको | रुपान्तर तथा केयर नेपाल संग संझौता भई ४ वटा लापा तयारी भईरहेको |
| | | | | | | |
| ३७.४ | **६.पोखराका उद्योगहरुबाट उत्सर्जित वायु प्रदूषण डिस्पर्सन मोडेलिङ्ग तथा नियन्त्रण पद्धति विकास गर्ने (वातावरण संरक्षण /सरसफाइकार्यक्रम)** | | | | | |
| | १ | कार्ययोजना बनाउने | | भदौ-कार्तिक | | कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृति भै सकेको |
| | २ | Consultant Choose गर्ने ।कार्यक्रम सम्पन्न गर्ने । | | कार्तिक-असार | त्रि.व. संग छलफल भई संझौता गर्न पत्राचार भएकोमा हालसम्म त्रि.वि.ले सम्पर्क नगरेको | त्रि.व. संग छलफल भई संझौता गर्न पत्राचार भएकोमा त्रि.वि.ले कार्यक्रम गर्न नसक्ने जानकारी गराएको र अन्य मनध्यमबाट सम्पन्न गर्न समय नपुग्ने । |
| | | | | | | |
| ३७.४ | **७. वायु गुणस्तर मापन केन्द्र स्थापना तथा सञ्चालन (३ संख्या)** | | | | | |
| | १ | स्पेशीफिकेसन तयारी | | ।चौमासिक | | |

| वुदा नं | | माईलस्टोन | लक्ष्य | समयावधि | चैत्र महिनाको प्रगति | हाल सम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| | २ | उपकरण खरीद तथा केन्द्र स्थापना | | I/II चौमासिक | लागत अनुमान भन्दा बढी परेकोले पुनः बोलपत्र आह्वान गरि मूल्याङ्कनको चरणमा रहेको | स्थान छनोट (झापा, धनकुटा र सुर्खेत) भइ ३ वटै केन्द्रको स्पेसिफीकेसन तयारी गरी लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान भई बोलपत्र मुल्याङ्कनको चरणमा रहेको। |
| | | | | | | |
| ३७.४ | **८. वातावरणीय प्रदुषण रोकथाम नियन्त्रण को लागि नमूना संकलन तथा विश्लेषण) (२०० नमुना संख्या)** | | | | | |
| | १ | स्थलगत अनुगमन | | I/II/III चौमासिक | २ वटा उद्योग प्रतिष्ठानको स्थलगत अनुगमन तथा निरीक्षण भएको | १३2 वटा उद्योग प्रतिष्ठानको स्थलगत अनुगमन तथा निरीक्षण भएको |
| | २ | वातावरणीय नमूना संकलन | | I/II/III चौमासिक | १९ मध्ये ९ वटा नमूनाको परीक्षण भईसकेको र १० वटा नमुनाको परीक्षण हुँदैगरेको | १९ वटा POPs analysis को लागि नमूना संकलन गरेको |
| | ३ | प्रयोगशाला परिक्षण | | I/II/III चौमासिक | ३5 वटा पानीको नमुना संकलन भई परिक्षणको क्रममा रहेको | ६७ वटा फोहर पानी तथा 5 वटा पानीको नमुना प्रयोगशाला परीक्षण सम्पन्न भएको |
| | | | | | | |
| ३८.० | **१. स्वच्छ पानीको स्रोतको रूपमा रहेका हिमाल तथा हिमतालहरूको संरक्षण गरिने छ।(२ वटा** | | | | | |

| वुदा नं | | माईलस्टोन | लक्ष्य | समयावधि | चैत्र महिनाको प्रगति | हाल सम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| | १ | हिमाल तथा हिमतालहरुको छनोट | | । चौमासिक | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट राय प्राप्त भई उक्त रायमाथी विभिन्न चरणको छलफल पछी पनि कार्यक्रमको मोडालिटी तय नभएको | हिमाल तथा हिमतालहरु छनोट भएको (मकालु, सगरमाथा तथा धौलागिरी हिमाल तथा बरुण, ठुलोपोखरी र सेरचुन हिमताल) तथा निर्देशक समितिबाट कार्ययोजना स्वीकृत भई संस्कृति तथा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा राय प्राप्त भई उक्त रायमाथी विभिन्न चरणको छलफल पछी पनि कार्यक्रमको मोडालिटी तय नभएको |
| | २ | विस्तृत अध्ययन अनुसन्धान | | मंसिर-माघ | | |
| | ३ | संरक्षण कार्य सुरु | | II/III चौमासिक | | |

**नेपाल स्वच्छ वातावरण महाअभियान अन्तर्गतका निति तथा कार्यक्रमहरुको माईलस्टोन नुसारको प्रगति**

| वुदा नं | | माईलस्टोन | लक्ष्य | समयावधि | हालसम्मको प्रगति |
|---|---|---|---|---|---|
| ३६.४ | २. नेपाल स्वच्छ वातावरण महाअभियान (७) | | | | |
| | १ | हरियाली प्रवर्द्वन | | I/II/III चौमासिक | पोखरा तथा भरतपुर महानगरपालिका र नेपालगंज उपमहानगरपालिका, कमलामाई नगरपालिका, अन्नपुर्ण गाउँपालिकासँग शहरी हरित उद्यान विकासका लागि समझदारी पत्रमा हस्ताक्षर भई कार्य अघि बढेको । सडक किनारा तथा स्थानीय तहसँग जोडिएका लोक्मार्ग वृक्षारोपण, सम्बर्दन तथा व्यवस्थापन कार्यक्रमको लागि स्थान छनौट कोटेश्वर देखि सूर्य विनायक सम्म वृक्षारोपण लगायतको लागि बोलपत्र आह्वान भएकोमा केही प्राविधिक कारणले पुनः बोलपत्रका लागि कार्यक्रम संशोधनका लागि मन्त्रालयमा पठाईएको। लागत अनुमान स्वीकृती भई सूचनाको चरणमा रहेको । नदी किनारा तथा धार्मिक स्थलहरुमा वृक्षारोपण, सम्बर्दन र व्यवस्थापन कार्यक्रमको लागि काठमाडौं, ललितपुर ,भक्तपुर सँग सहकार्य भईरहेको । |
| | २ | सरसफाई तथा फोहरमैला व्यवस्थापन | | I/II/III चौमासिक | पोखरा, भरपुर, नेपागन्जमा कार्यक्रम सम्पन्न भईसकेको । सरसफाई सम्बन्धि विज्ञहरुको समुह बनाई सातै प्रदेस अन्तर्गत नमुना सफाई अभियान संचालन एवं नागरिक स्तरबाट संचालित अभियान अन्तर्गत सरसफाई अभियन्ता सँग छलफल भई स्थान तय भएको । Vermi Composting bin लगायतको सामाग्री खरिद भईसकेको र कार्यक्रम सञ्चालनका लागि १० वटा नगरपालिका छनोट भई फिल्ड जाने तयारी भईरहेको। फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्वन्धी विभिन्न कार्याका लागि विज्ञसँग सम्झौता भई कार्य अगाडी बढेको । |

| बुदा नं | | माईलस्टोन | लक्ष्य | समयावधि | हालसम्मको प्रगति |
|---|---|---|---|---|---|
| | ३ | प्रदुषण नियन्त्रण | | I/II/III चौमासिक | जल प्रदुषण सम्बन्धी अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन तयारीको चरणमा (उद्योगमा फोहर मैला व्यवस्थापन, पोखरामा फोहर पानी प्रशोधन केन्द्रको संभाव्यता अध्ययनका लागि TOR, Specification स्वीकृत भई, अध्ययनका लागि परामर्शदाता संग सम्झौता भई अध्ययनको चरणमा रहेको) |

२२. विभागको **Website** को विवरण:

*www.doenv.gov.np*

वायु गुणस्तर सम्बन्धी विभागको **Website** सम्बन्धी विवरण:

*www.pollution.gov.np*

२३. विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण:

यस सम्बन्धी कुनै विवरण नभएको ।

२४. विभागले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:

२५. विभागले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:

२६. विभागमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण:

| सि. नं. | सूचना माग गर्ने निकाय | सूचना माग गरेको मिति | सूचनाको विवरण | सूचना उपलब्ध गराईएको विवरण | सूचना उपलब्ध गराईएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |